# आर्थिक वर्ष २०७९/०८० को
# नीति तथा कार्यक्रम

## महाशिला गाँउपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
वालाकोट, पर्वत

गण्डकी प्रदेश, नेपाल

२०७९ असार १०

# महाशिला गाउँपालिका गाउँ सभामा प्रस्तुत ०७९/८० को नीति तथा कार्यक्रम वक्तव्य

महाशिला गाँउपालिकाका उपाध्यक्ष ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, यस सभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकिय अधिकृत, राष्ट्रसेवक कर्मचारी मित्रहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार मित्रहरु लगायत उपस्थित सम्पूर्णमा हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

आज हामी दोश्रो गाउँसभाको निर्वाचन २०७९ बैसाख ३० गते भएको निर्वाचन वाट निर्वाचित स्थानिय सरकारको रुपमा नीति कार्यक्रम र वजेट निर्माणको पहिलो वर्षमा छौँ । निर्वाचित जनप्रतिनिधिको हैसियतमा हामीले जनता सामु गरेका वाचाहरु पुरा गर्ने र यस महाशिला गाउँपालिकाको अघिल्लो सरकारले थालेका जनकल्यार्णकारी कामलाई निरन्तरता दिने तथा थालनि भएर अधुरा रहेका कामलाई पुरा गर्नु  हाम्रो दायित्व हो । विगत ३ वर्ष देखी विश्व महामारीको रुपमा फैलिएको कोभिड-१९ का कारणले विकास निर्माणमा पार्न सक्ने असर र मानव स्वास्थयमा पार्ने जोखिम पूर्ण रुपमा टरी सकेको छैन । स्वास्थ्य क्षेत्रमा आकस्मिक लगानि गर्न पर्ने तथा महामारीसंग जुध्नका लागि आवश्यक श्रोत, साधनको व्यवस्था गरि तयारी अवस्थामा रहनु पर्ने परिस्थिति विद्यमान छ । आवधिक योजना र योजनावद्ध विकासलाई ध्यानमा राखेर अगाडी बढ्नु पर्ने कुरा यस सभा समक्ष जानकारी गराउँदछु ।

देश निर्माणमा प्रजातान्त्रिक, लोकतान्त्रिक, गणतान्त्रिक र संघियता सहित सामाजिक मुक्ति आन्दोलनमा सहभागी जनसमुदाय प्रति सम्मान व्यक्त गर्दै नेपाली आमाका थुप्रै सपुतहरुले वलिदानी पूर्ण संघर्ष र साहदत प्राप्त शहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै घाईते र अपाङ्गता भएका व्यक्तिहरु प्रति सु-स्वास्थ्यको कामना सहित उहाँहरुको योगदानको उच्च सम्मान व्यक्त गर्दै सहिद तथा घाइते अपाङ्गहरुका परिवर्तन र समाज विकासका सपनाहरु साकार पार्न इमान्दार पूर्वक प्रयत्न गर्ने  प्रतिबद्धता दोहोर्याउन चाहान्छु ।

नेपालमा राष्ट्रियता, सार्वभौमसत्ता र स्वतन्त्रताकालागि थुप्रै सपुतहरुले रगत बगाएकै कारणले नेपालको राजनैतिक परिवर्तनको आन्दोलन अवका दिनमा समाप्त प्रायः भएको छ । तर पनि राजनैतिक स्थिरता कायम हुन नदिने शक्ति आन्तरिक र वाह्य रुपमा देखा परेका छन् । जसले राजनैतिक स्थिरतालाई धक्का पुगेको छ । हामी नयाँ नेपाल निर्माणको चरणमा प्रवेश गरेका छौ । आजको आवश्यकत दिगो विकासका लागि सुखी नेपाली र समृद्ध नेपालको लक्ष्य पुरा गनु हो । अहिले पनि शासन व्यावस्थाको ढाँचा परिवर्तन भएपनि सोच र कार्यशैली परिवर्तन नहुनुले संघियताको मुलमर्मको अनुभुति जनताले गर्न पाएका छैनन् । हामी पारदर्शीता, शुसासन साथै भ्रष्ट्रचारमुक्त समाज निर्माणकालागि राजनैतिक नेतृत्व र राज्य संयन्त्रको शुद्धिकरण आजको अपरिहार्य आवश्यकता हो ।

दिगो विकास, मानव अधिकार, संस्थागत शुसासन, पारदर्शीता, जवाफदेहीता र कानुनी राज्यकालागि केन्द्र, प्रदेश र स्थानिय सरकारको सहकार्य साथै समन्वय विना सम्भव छैन र जसका लागि स्थानिय सरकारलाई अधिकार सम्पन्न र मजबुत वनाउन ध्यान दिन जरुरी छ । आम सर्वसाधारणले प्रत्यक्ष प्रत्याभूत गर्ने तथा समाजवादको आधार निर्माण गर्ने जनताको प्रत्यक्ष सरकार भनेको स्थानिय सरकार नै हो ।

स्थानिय तहको दोश्रो निर्वाचन सम्पन्न भै सक्दा पनि केन्द्र तथा प्रदेश सरकारले सबै ऐन, नियम नवनाउनु, समय सापेक्ष परिमार्जन नगर्नु र पर्याप्त आर्थिक, भौतिक, कर्मचारी व्यावस्थापन, लगायत भौतिक पूर्वाधार र  श्रोत साधनको व्यावस्थापन नहुनुले सेवा दिने काममा कठिनाइहरुका वीच स्थानिय सरकारले सन्तोषजनक कार्य सम्पादन गर्दै आएका छन् । जसवाट जनता सामू सरकारको प्रत्यक्ष उपस्थितिको प्रत्यभूत सकारात्मक रुपमा सञ्चार भएको छ । संघियताले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकासंग सम्वन्धित अधिकारको प्रयोग गर्ने कार्य स्थानिय सरकारमा हुनुले जनताले पाउने सेवा सुविधामा सहजता र  सुगमता सृजना भएको छ । यद्यपि प्रवाहित सेवा सुविधाहरु प्रयाप्त छैन, संविधान र कानुनमा भएको व्यावस्था वमोजिम कार्यान्वयन गर्न अझै जोड दिन जरुरी छ ।

आदरणीय यहाँ उपस्थित् सभा सदस्य ज्यूहरु, हामीले एक दशक भन्दा लामो राजनैतिक संक्रमणवाट द्धन्दको रुपान्तरण र २०७२ को संविधान घोषणाले आज नयाँ युगको थालनी भए पनि देश व्यक्तिगत स्वार्थ र दलिय राजनैतिक गैह्र चरित्रले पुनः द्धन्द र अस्थिरता तर्फ धकेलिने खतरा र प्रवृत्ति चुनौतिको रुपमा देखा परेको छ । जसले गर्दा राजनैतिक वितृष्णा र स्वयम् व्यवस्था प्रति खतराका संकेतहरु समेत देखिन थालेका छन् ।

यस गाउँसभाको अवसरमा सभासद ज्यूहरु लगायत गाउँपालिकालाई विभिन्न कार्यमा साथ र सहयोग गर्नु हुने सम्पूर्ण महाशिला गाँउपालिकाका आदरणीय आमा-वुवा, दिदी-बहिनी तथा दाजु-भाईहरु, निर्वाचित सम्पूर्ण जनप्रतिनिधि एवं क्रियाशिल राजनैतिक दलहरु तथा सामजिक विकास अभियन्ताहरु, राष्ट्रसेवक कर्मचारीहरु, शिक्षक मित्रहरु, क्रियाशिल पत्रकारहरु एवं विभिन्न कार्यालय, संघ, संस्था लगायत सम्पूर्णका प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस गाँउ सभाले **"शिक्षा, कृषि, रोजगार, स्वास्थ्य र पुर्वधारः सुन्दर–समृद्ध महाशिला विकासको आधार "** भन्ने नारालाई सफलिभूत पार्न यस गाँउपालिकाको समग्र विकासको लागि आ.व.२०७९/०८० को वार्षिक नीति, कार्यक्रम यस सम्मानित सभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित छु । आवाधिक योजनामा तोकिएका साथै विगतका कार्यक्रमहरुलाई सम्पादन गर्ने गरी नीति कार्यक्रम तय गरिएको जानकारी गराउन चाहन्छु ।

उपस्थित सभा सदस्य ज्यूहरु, यस गाउँपालिकाको समग्र पक्षमा ध्यान दिदै आगामी आ.व.२०७९/०८० को गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिइएका आधारहरु देहाय बमोजिम रहेको व्यहोरा म यस सम्मानित सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

- नेपालको संविधान २०७२ ले परिलक्षित गरेका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- स्थानिय सरकार संचालन ऐन र हाल नेपाल सरकार र गण्डकी प्रदेश सरकारले जारी गरेका निति नियम, ऐन कानुन साथै महाशिला गाउँपालिका सभाद्धारा पारित विभिन्न कानुन तथा नियम तथा नितिहरु
- कार्यक्रम तथा बजेट तर्जुमासम्बन्धी मार्गदर्शन,
- योजनाको आधारपत्रमा उल्लिखित व्यवस्थाहरु,
- नेपाल सरकार, प्रदेश सरकार र विभिन्न मन्त्रालय मार्गदर्शन तथा निर्देशन र सुझावहरु,
- विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय सन्धी संझौता र प्रतिवद्धताहरु,
- सहस्राव्दी विकास लक्ष्यमा आधारित भई नेपाल सरकार र गण्डकी प्रदेश सरकारले प्राथमिकीकरण गरेका योजनाहरु,
- महाशिला गाउँपालिकाको ५ वर्षे आवाधिक योजनामा आधारित योजनाको आधार,
- वस्तिगत, टोल विकास संस्था र वडास्तर, विषयगत समिति, योजना तर्जुमा समिति हुँदै सहभागितामूलक योजना तर्जुमा प्रक्रियाद्धारा प्राथमिकीकरण सहित प्राप्त भएका आयोजना, कार्यक्रम तथा स्थलगत रुपमा अनुगमनमा जनतावाट आएका सुझावहरुका आधारमा यो नीति तथा कार्यक्रम तयार पारिएको छ ।

आदरणीय सभासद ज्यूहरु, आवाधिक योजनामा आधारित भई सूचकका आधारमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन पश्चात देहायका उद्देश्यहरु हासिल हुने अपेक्षा गरिएको छ ।

- जनताको जीवन स्तरलाइ समृद्धिको मार्गमा लैजादै महाशिलाको सामाजिक, आर्थिक विकासलाइ साकार पार्न "**शिक्षा, कृषि, रोजगार, स्वास्थ्य र पूर्वाधारः सुन्दर-समृद्ध महाशिला विकासको आधार"** भन्ने मूल नाराको मर्मका साथ शिक्षामा गुणस्तर , कृषिमा दिर्घकालीन विकास योजना सहित अगाडि जाने नीति अवलम्बन गरिने छ ।

- पर्यटन विकासमा पूर्वाधार निर्माण, विकास स्वयंसेवक परिचालन, कृषि तथा गैर-कृषि क्षेत्र, उद्यम विकासको क्षेत्रमा जोड दिई, स्थानिय उत्पादनमा जोड दिई आत्मनिर्भरता तर्फ उन्मुख गरी व्यवसायीकरणको माध्यमद्धारा हाल भइरहेको आयतमा प्रतिस्थापन गरी कृषि र पशुपालनवाट गाउँपालिकालाई आत्मनिर्भर वनाउन जोड दिईनेछ । जसका लागि अनुदानको व्यावस्था साथै केन्द्र तथा प्रदेश सरकारसंग सहकार्य र अन्य दातृ संस्था र गैससहरुसंग सहलगानीमा कार्यक्रम गरिने छ ।

- जेष्ठ नागरिक, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरुलाई सामाजिक सुरक्षा, लाभवाट बञ्चित समुदायहरुको स्रोत र साधनमा पहूँचमा वृद्धि गर्ने र वजारवाट गाँउ आएका, विदेशवाट फिर्ता भएका, रोजगारी गुमाएका युवाहरुमा रोजगारी सिर्जना गरि आर्थिक विकास तथा उत्पादनमा जोड दिइने छ ।

- सामाजिक परिचालनद्धारा स्थानिय तहमा वडा मातहतमा विभिन्न कलष्टरमा टोल विकास संस्था गठन परिचालन, महिला समुह, क्लव तथा संघ संस्था सहकारीहरुसंग सहकार्य गरी सामाजिक परिचालनलाई संस्थागत रुपमा अगाडि वढाई नागरिकका कर्तव्य र अधिकारवारे बोध गराउनुका साथै कर्तव्य पालना र अधिकारमा दावी गर्न सक्ने आवश्यक क्षमताको विकास गरिनेछ । पूर्णखोप, जिरो होमडेलीभरी, वाल मैत्रि, पूर्ण सरसफाईयुक्त गाउँपालिका, सामााजिक विकृति जाँड, रक्सी, जुवा, तास विभिन्न दुर्व्यसनी, अपराध र महिलाहिंसा एवम् वालहिंसाको विरुद्धको अभियान र सामाजिक सुरक्षाका कार्यक्रम संचालन गरिनेछ । जनसहभागीतामा आधारित योजनालाई विशेषः प्राथमिकता दिईने छ ।

- सामुदायिक विद्यालयको शिक्षाको गुणस्तर विकासमा आम समुदायको सार्थक सहभागिता र शिक्षकको क्षमतामा विकाश गरी आधारभुतहमा पढ्ने सबै बालवालिकालाई पालिका भित्रका विधालयमा नै पढाउन अभिभावकलाई प्रेरित गरी **एक वडा एक आवसिय विद्यालय** कार्यक्रमलाई क्रमिक रुपमा विकास गर्दै लगिनेछ । साथै उच्च शिक्षामा प्राविधिक जनशक्ति विकासका लागि प्राविधिक धार तर्फ स्नातक वा स्नाकोत्तर शिक्षा हासिल गर्ने महाशिला वासी नागरिकहरुबाट बार्षिक रुपमा ४ जनालाइ प्रोत्साहन सहायता उपलब्ध गराउन आवस्यक व्यबस्था मिलाइने छ ।

- भौतिक पूर्वाधार विकासमा दिगो विकासको अवधारणा समेतलाइ मध्यनजर गर्दै गाउँपालिका सेवा क्षेत्र भरी रहेका सामुदायिक विधुतलाई विधुत प्राधिकरणलाई हस्तन्तरण गर्ने, १ घर १ धारा, व्यवसायिकताको लागि टनेल कार्यक्रम, वार्डस्तरका वाह्रै महिना चल्ने सडक, कार्यक्रमले जनताको जीवनस्थर सहज हुनुका साथै विकासमा जनताको पहुँच वृद्धि भएको हुनेछ । विद्यालय, स्वास्थ्य संस्था, सिचाई र वार्ड कार्यलय भवन निर्माणको कामको थालनी हुनेछ भने पालिका भवन र अस्पताल निर्माणको काम अगाडी बढ्ने छ । जसकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

- आन्तरिक आय वृद्धि, करको दायरा फराकिलो बनाउने एवं राजश्व संकलनमा आम नागरिक र निजी क्षेत्रसँग सहकार्य गरिने छ । स्वेच्छिक कर तिर्ने वातावरण तयार गरी करबाट संकलित आयलाइ जनताको प्रत्यक्ष विकासका लागि खर्च गर्न आवस्यक प्रबन्ध मिलाइने छ ।

- **स्वस्थ जनता स्वच्छ खानेपानी : स्वरोजगारी सिर्जना गर्न उद्यममा लगानी** भन्ने नारालाइ साकार पार्न एक घर एक धारा कार्यक्रमलाइ आगामि २ बर्ष सम्पन्न गरिने छ । सवै जनतालाइ समान लगानीमा पानी पिउने व्यवस्था मिलाउन सवै वडामा सञ्चालनमा रहेका तथा निर्माणाधिन लिफ्ट खानेपानी योजनाहरुको विद्युत महशुल तथा योजनाको नियमित सञ्चालन एवम् सुरक्षाको लागि १ / १ जना स्वयम् सेवकको व्यबस्थापन गर्न आवस्यक व्यबस्था मिलाइने छ । महाशिला क्षेत्रमा सञ्चालनमा रहेका ५ जना वा सो भन्दा वढि रोजगार सिर्जना गर्ने उद्यमलाइ विद्युत महशुलमा अनुदान दिने प्रवन्ध गरिने छ ।

- विभिन्न विषयगत क्षेत्रमा कार्यक्रम संचालन गर्दा संस्थागत विकास साथै सुशासन र पारदर्शीता प्रर्वद्धन गरी भ्रष्टाचारमुक्त समाज निर्माणमा जोड दिईने छ । उत्तरदायित्व र जवाफदेहिता वृद्धि गर्न सार्वजनिक सुनुवाईलाइ आवधिक रुपमा योजना तथा कार्यक्रमहरु संगै एकाकार गरि अगाडि जाने नीति लिइने छ ।

उपस्थित आदरणीय सभासद ज्यूहरु, यस महाशिला गाँउपालिकाका विद्यमान भौगोलिक क्षेत्र एवं जातजाति, सम्प्रादय मौलिक कला संस्कृति, भाषा, भेषभुषा, इतिहास, कला, सँस्कृति, प्राकृतिक स्रोत

साधनको सर्वेक्षण, संरक्षण र व्यावसायिक उत्पादन विशेष जोड दिन जरुरी रहेको छ । यो गाउँसभामा प्रस्तुत नीति तथा कार्यक्रमले यस क्षेत्रको विकासका लागि सकारात्मक र महत्वपूर्ण योगदान गर्नेछ भन्ने कुरामा मैले पूर्ण विश्वास लिएको छु ।

## हाम्रा विगत ५ वर्षका उपलव्धीहरु :

### आर्थिक विकास क्षेत्र :

- महाशिला विकास स्वयंसेवक एकघर एक रोजगार कार्यक्रमले विपन्न २०० व्याक्तिहरु यो कार्यक्रममा सरिक भएका छन् । जुन कार्यक्रमले शिक्षा, स्वास्थ्य, खानेपानी, विद्युत, कृषि, पशुपालन, निर्माण र उत्पादनका काममा परिचालित भएका छन् ।
- एक घर एक टनेल कार्यक्रम यस महाशिला गाँउपालिका भरी लागु भएको छ । करेसावारी होम गार्डेन रुपमा कृषिमा ताजा तरकारी खाने वानी विकास भएको छ । व्यावसायिक कृषिमा लाग्नकालागि कृषकहरु उत्प्रेणीत भएकाछन् ।
- होम स्टे तालिम संचालन गरी ५ वार्डका ७ स्थानमा होम स्टेको शुरुवात भएको छ । ६ वटा सामुदायिक भवनहरु र अन्य पूर्वाधार निर्माण भएका छन् ।
- यसै गरी महाशिलाका सेभेन प्वाईन्टको रुपमा महाशिलाको सिलाक्षेत्र, वालारानी गंगाधर गुफा क्षेत्र, पैयूँकोट, गोरल्याङ्ग क्षेत्र, चिसापानी क्षेत्र, दुक्तान वसाह क्षेत्र, फलामखानी धुँवाकोट क्षेत्र ७ स्थानलाई विकास गर्ने काममा स्थानिय सरकार ३ वटा क्षेत्रको डिपिआर समेत वनाई सकेको छ । महाशिला क्षेत्र १०० गन्तव्य सुचिकृत भई गणेश मन्दिर, महादेव मूर्ति स्थापना १०८ धारा निर्माण, शिला क्षेत्रको धेरावार, परिक्रमापथ जस्ता कामहरु भएका छन् भने चिसापानीमा भ्यूटावर निर्माण र पैयुँकोटमा पर्यटकपथ साथै शौचालय र परिक्रर्मा मार्ग सहितका पूर्वाधार निर्माण भएको छ ।
- उत्पादन महाअभियानले दुध, खसी वोका र तरकारी निकासी भएको छ । विगत वर्ष देखी महिला सहकारी मार्फत होश्राङ्गदीमा सहकारी पसल समेत संचालनमा आएको छ ।
- २ स्थानमा होश्राङ्गदीमा र वालकोटमा सामुहिक कफि फर्म र १ स्थानमा फलामखानीमा चिया विकासको काम भई रहेको छ । यसै गरी ५ स्थानमा सुन्तला, १ स्थानमा अलैची फर्म र सवै वार्डहरुमा विभिन्न स्थानमा आलु, तरकारी, किवी खेतीको पकेट क्षेत्र वनेका छन् । सुन्तला व्लक क्षेत्रको कार्यक्रम वडा नं.१ देखी ५ सम्म समेटेर निर्माण गरिएको छ । तरकारी फर्महरु संचालन भएका छन् ।
- सवै वडाहरुमा वाखा पकेट क्षेत्र, कुखुरा, वंगुर, मौरी पालनलाई व्यवसायिक रुपमा संचालन भएको अवस्था रहेको छ ।

### सामाजिक विकास क्षेत्र :

- विद्यालयको शैक्षिक स्तर वृद्धिका लागि अंग्रेजी माध्यममा पढाउने कामको शुरुवात छ ।
- मा वि र आधारभुत तहवाट शुरु गरिएको एक शिक्षक एक ल्यापटप, प्रत्येक कक्षामा प्रोजेक्टर कार्यक्रमले प्रविधि मैत्रि शिक्षणको शुरुवात भएका छ ।
- सवै वडामा वर्थिङ्गसेण्टर निर्माण, संचालन र गाँउपालिकाले आफ्नो श्रोत परिचालन गरी आमा नवशिसुको जोखिमलाई कम गरिएको छ । यसै गरी अध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमले सुत्केरी महिलालाई खोप लागाउने र जोखिम कम हुनुले संस्थागत सुत्केरी वनाउने, जिरो होम डेलिभरीको अवस्था वनेको छ । सवै वडामा प्रसुति भवन वनेका छन् । सवै वार्डहरुमा स्वास्थ्य संस्था निर्माणचरणमा रहेका छन् । १५ सैयाको अस्पताल समेत निर्माण चरणमा रहेको छ ।
- वालमैत्री गाउँपालिकाको अभियान र वडा नं. ५ घोषणाको चरणका केही कामहरु भएका छन् ।

- मा वि तहवाट शुरु गरिएको एक शिक्षक एक ल्यापटप, प्रत्येक कक्षामा प्रोजेक्टर कार्यक्रम सवै मावी तथा निमावि र आवाश्यकता अनुसार प्राविमा कम्प्युटर, फोटोकपी र प्रोजेक्टर गाउँपालिकाले सहयोग गरेको छ ।
- जुवा, तास र मदिरा नियन्त्रण कार्यक्रम संचालनले मदिरा सेवन र घरेलु हिंसा केही न्युनिकरण भएको छ ।
- निर्माणाधिन १५ शैयाको अस्पताल निर्माणको काम शुरु भएको छ ।
- खानेपानीमा १ घर १ धारा सवै वार्डमा काम थालनि भएको छ

**भौतिक पूर्वाधार क्षेत्र :**

- सवैको चासो रहेको महाशिला चक्रपथको ट्याक ओपन भएको छ । गाउँपालिकाले डिपिआर गरेका वाटोमा ५ किमी पिच गाउँपालिकाले आफै शुरु गरेको छ । दुक्तान सिम्लेको पिच शुरु भएको छ ।
- महाशिला गाउँपालिका राष्ट्रिय राजमार्गमा जोडिने भएको छ ।
- विद्युतको विकासमा सवै काठका पोलको विस्थापन र फलामेपोल युक्त गाउँपालिका गण्डकी प्रदेशमा पहिलो भएको छ ।

**विपत तथा वातावरण संरक्षण क्षेत्र :**

- महाशिला गाउँपालिकामा विपत व्यावस्थापन कोष निर्माण भएको छ ।
- स्थानिय पोखरी संरक्षण काममा करिव महाशिलाका लोप हुन लागेका करिव ३० वटा पोखरी संरक्षण भएको छ ।

**संस्थागत सेवा प्रवाह र शुसासन क्षेत्रः**

- सवै वार्ड कार्यालय, विषयगत कार्यालय र गाउँपालिकाको अत्यावश्यक सेवा प्रवाहकालागि आफ्नै भवनहरुबाट भएको छ ।
- आवधिक योजना निर्माण भएको छ ।
- आवश्यक ऐन, नियम र कानुन निर्माण गरिएको छ ।
- वार्षिक निति तथा योजना र वजेट किताव नियमित प्रकाशन हुने परिपाटी बसेको छ ।
- सवै सूचना सार्वजनिक गर्ने र गाउँपालिकाको वेवसाईडमा प्रकाशन गर्ने परिपाटी बसेको छ ।

महाशिला गाउँपालिकाले बजेट निर्माण गर्दा निम्न प्राथमिकताका क्षेत्रहरु निर्धारण गरिएको छ । महाशिला गाउँपालिकाको आन्तरिक श्रोत, केन्द्र र प्रदेश सरकारको समानीकरण वजेट र राजश्व बाँडफाँडको रकमको आर्थिक विकासमा ३० प्रतिशत, सामाजिक विकासमा १९ प्रतिशत, पूर्वाधार विकासमा ४६ प्रतिशत, वन, वातावरण र विपत व्यावस्थापनमा ३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा २ प्रतिशत वजेटको व्यावस्थापन गरिएको छ । जसमा शसर्त वजेटवाट आएको संघ र प्रदेश सरकारका कार्यक्रम, विशेष अनुदानका कार्यक्रम, आयोजना तथा परियोजनाको रकम वाहेकको यो श्रोत स्थानिय सरकारले परिचालन गर्ने छ ।

जसका लागि आ.व. २०७९।०८० का लागि विषयगत नीति तथा कार्यक्रमहरु यस प्रकार रहेका छन ।

क्षेत्रगत नीतिहरु

**क). आर्थिक विकास क्षेत्र**

१. कृषि तथा पशुविकासका लागि उत्पादनमा आधारित अनुदान, कृषि उपजको बजारिकरण, सहकारीकरण तथा उद्यमीहरुलाई प्रोत्सहानको लागि उचित प्रवन्ध मिलाइने छ । एक टोल एक उत्पादन कार्यक्रमलाइ कार्यान्वयन गर्न कृषि तथा पशुपंक्षि विकासको दीर्घकालिन योजना तय गरि सोहि योजना बमोजिमका कार्यक्रमहरुलाई क्रमिक रुपमा अगाडी बढाइने छ ।

२. महाशिला विकास स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिदै एक घर एक रोजगारको नीति अवलम्वन गरिने छ । विकास स्वयंम सेवक कार्यक्रमलाइ थप व्यबस्थित रुपमा सञ्चालन गरिने छ ।

३. लिमे, पाराकोटे जातका भैँसी र पाडापाडीहरुको संरक्षण गर्न सवै वार्डमा सवै भैसी सुत्केरी भैसीका पाडा पाडी संरक्षण वापत रु.५०० का दरले सवै पशु कार्यालयका प्राविधिकको समन्वयमा वार्ड कार्यालय मार्फत सुत्केरी खर्च दिने र यदी कसैले पाडापाडी नपाली काट्न दिने र खाने दुवैलाई जनही रु. १००० जरीवाना समेतको नितिलाई निरन्तरता दिईनेछ ।

४. स्थानिय गाई, भैसी, वाखा, कुखुरा, सुँगुरहरुको संरक्षण साथै नश्लसुधारको कार्यक्रम संचालन गरिने छ ।

५. महाशिलाका पर्यटकिय क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन तयार गरी श्रोत परिचालनमा जोड दिईने छ ।

६. गाउँमा उद्यम, घरमै रोजगारी, घर फर्क प्यारा प्यारी कार्यक्रम संचालनगरी विदेशवाट फर्केका युवालाई व्यावसायिक ऋणको वार्षिक व्याजमा प्रथम बर्ष सत प्रतिशत, दोस्रो बर्ष ५० प्रतिशत तथा तेस्रो बर्ष २५ प्रतिशत गरी ३ बर्षसम्म प्रचलित कृषि व्याज अनुसार अनुदान कार्यक्रमलाइ मूहुर्त रुप दिइने छ । उक्त अनुदान प्राथमिकता प्राप्त वार्षिक रुपमा १० जना उद्यमीलाइ अधिकतम १० लाख सम्मको ऋणको व्याजमा अनुदान सहायता दिने नीति लिइने छ ।

७. कृषिवाली तथा पशु विमा अभियान सञ्चालन गर्ने नीति लिइनेछ । जसमा कृषकलाई लाग्ने प्रिमियमको ५० प्रतिशत खर्च (५ टनेल, ५ माउ बाखा, गाई/भैसी २, जग्गा ३ रोपनी भन्दा माथि) अनिवार्य गरिनेछ ।

.८. लघु उद्यम कार्यक्रम स्थानिय स्तरमावाट वजेट विनियोजन गरी शुरु गरिने छ । लघु उद्यम कार्यक्रम मार्फत अनिवार्य रुपमा एक घर एक उद्यम भन्ने नाराका साथ विशेषत दलित, महिला, विपन्न तथा वेरोजगार युवाहरुलाई विशेष प्राथमिकता दिने नीति लिइनेछ । जसका लागि आवश्यक तालिम तथा औजार उपकरणमा अनुदानको व्यावस्था गरिनेछ ।

९. मासु जन्य, दुग्धजन्य तथा तरकारीमा आत्मनिर्भर हुनको लागि कृषकहरुलाई व्यवसायीकरण जोड दिई संघ र प्रदेश सरकारको सहयोगमा चिस्यान केन्द्र र कोल्ड रुप वनाउन पहल गरिने छ

१०. पालिकाको सेवा क्षेत्र भित्र पशुचौपायको स्वास्थ्यलाई लक्षित गरि चौमासिक रुपमा जुकामाटेको औषधी प्राविधिक मार्फत गोठमै निशुल्क खुवाउने तथा भ्याक्सिन लगाउने तथा गोठ स्तरोन्नति गर्न आवस्यक व्यवस्था मिलाइ **स्वस्थ पशुः सुरक्षित गोठ** कार्यक्रम लागू गरिने छ । साथै कानुनि रुपमा दर्ता एवं नविकरण भएका कृषि तथा पशुपक्षिं फर्मलाइ निशुल्क प्राविधिक सेवा मासिक रुपमा उपलब्ध गराउने नीति लिइनेछ ।

११. गाउँपालिका भित्रका कृषि उपजहरुको समर्थन मूल्य निर्धारण गर्न वार्डस्तरमा मूल्य निर्धारण समिति गठन गरिनेछ । साथै सामुहिक खेति प्रणाली र जग्गा चक्लावन्दीको कार्यक्रमलाई यसै आर्थिक वर्ष देखि अगाडी बढाइने छ ।

१२. पैयुँकोट, चिसापानी, महाशिला, धुँवाकोट, गोर्ल्याङ्ग तथा अन्य सम्भाव्य क्षेत्रमा केवलकार साथै प्यारग्लाइडिङ, क्यानेनिङ, रक क्लाइमिङ्ग संचालन तथा पर्यटन विकासको लागि प्रारम्भिक सम्भाव्यता अध्ययन र नीजीक्षेत्रको साझेदारीमा लगानी प्रवर्द्धनकालागि समन्वय गरिनेछ ।

१३..स्थानिय रुपमा प्रत्येक वार्डमा वार्ड कार्यालयको समन्वयमा १/१ वटा सहकारी पसल संचालनमा ल्याउने जोड दिईने छ ।

१४. खेत र अन्य खेती योग्य जमिन बाँझो राख्ने व्यक्तिलाई निरुत्साहित गर्ने नीति लिइनेछ । अग्रीम वडा कार्यालयमा निवेदन र जानकारी गराइ स्वयं आफुले खेती गरेमा वा अरुको जमीनमा खेती गरेमा प्रतिरोपनी रु.१००० गाउँपालिकाले अनुदान दिने छ ।

१५. मौरीपालनको विकासका लागि तथा मह उत्पादनमा वृद्धिका लागि घारमा ५०% छुटको अनुदान दिईने छ ।

१६..कृषिमा यान्त्रिकीकरण गर्न व्यवसायिक कृषक र कृषक समूहलाइ वढीमा ५०% सम्म अनुदानको व्यवस्था गरिनेछ ।

१७. यस महाशिला गाउँपालिका अन्तरगतका आर्थिक विकास योजना तथा अन्य पूर्वाधार क्षेत्रका कार्यक्रमहरुमा केन्द्र, प्रदेश सरकार र अन्य साझेदार संस्थासँग साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक समपुरक कोषकोलागि वजेट व्यवस्था गरिनेछ ।

१८. स्थानीय उत्पादनलाई जोड दिइ ग्रामीण अर्थतन्त्रमा सुधार गर्नका लागि वडास्तरमा हाट वजार र पर्व बिशेष वा समय अनुसार मेला एवं महोत्सवहरु सञ्चालन गर्ने नीति लिईने छ । साथै कृषि उत्पादनको बजारिकरणको लागि पोखरा कुश्मा वालिङ हातेमालो चोकमा महाशिलाको व्यबसायिकता प्रवद्धर्नका लागि कार्यविधि बनाइ रु १ लाख सम्म अनुदानको प्रवन्ध मिलाइने छ ।

१९. परम्परागत कृषि प्रणालीमा परिवर्तन गर्नका लागि ग्रामीण कृषि व्यवसायलाई आधुनिकीकरणमा जोड दिन सहकारी फर्म खेती र एक गाउ एक उत्पादन कार्यक्रम संचालन कार्यका लागि संस्थागत सहयोग गर्ने नीतिलाई अगाडि बढाईने छ । जसका लागि अनुदानको समेत उचित व्यावस्था गरिने छ ।

२०. उद्योगग्राम स्थापना गर्नका लागि प्रदेश सरकारसँग समन्वय गरी उद्योग क्षेत्रको विकास गर्ने उद्योगग्रामको जग्गा छनौट गरिनेछ ।

२१. पक्की र व्यवस्थित सडक र घर छेउमा फुल रोपण पुष्पगाउँ वनाउन टोल विकास संस्थासंग सहकार्यमा काम गरिनेछ ।

२२. उत्पादन महाअभियान कार्यक्रम अन्तरगत उत्पादनलाई वढावा दिन प्रति लिटर दुधमा रु. १०, खसीवोका जिउँदो मासुमा प्रति केजी २५ र ताजा तरकारीमा प्रति केजी ५ अनुदान सहकारी मार्फत गरिने छ । जसमा कार्यविधि वमोजिम सहयोग निरन्तरता दिईने छ ।

२३. सशर्तको वजेटमा भएका कार्यक्रममा दोहोरोपना नहुने गरी पकेट क्षेत्रका र पूर्वाधारका कार्यक्रमहरुमा समपुरकको रुपमा कार्यक्रममा विशेषत उत्पादन वजारीकरणमा सहकार्य गरिने छ । व्यावसायिक फर्म संचालन गर्ने कृषकहरुलाई एकमुष्ट अनुदानको व्यावस्था गरिने छ । अर्गानिक खेतलिाई प्रोसाहित गरीनेछ ।

२४.मेरो गाउँको योगदान महाशिलापालिकाको पेन्सन कार्यक्रम १००० घरधुरीका गाउँले गरिव किसानको छनौट गरी १० वर्षे मजदुर तथा कृषि मजदुर कल्याणकारी कोष स्थापना गरी हरेक व्याक्तिसंग संझौता गरी मासिक रु.५०० संवन्धित व्याक्तिवाट जम्मा हुँदा रु.२५० गाउँपालिकावाट थप गरिनेछ । सो को कार्यविधि वनाई आगामी आर्थिक वर्षवाट कार्यक्रम लागु गरिनेछ । २ वर्षमा महाशिलाका सवै वर्गिय किसानहरु समेटिने छ ।

२५. स्थानिय उद्योगको संभाव्यता हेरी फलामखानी, पाखापानीमा रातोमाटोको उद्योग र वार्डस्तरमा ढुँगा कटाई उद्योगसंचालनमा सहयोग गरिने छ ।

२६. यस महाशिलाको गाउँपालिका भित्रको निजि, सामुदायिक, वन, सरकारी, प्रर्तिजग्गाको विवरण तयार गरी स्थानिय रुपमा उपयोगकालागि कार्यविधि वनाई काम गरिनेछ ।

२७. निजि, सामुदायिक, वन, सरकारी, पर्ति जग्गामा विभिन्न जातको घाँस विकास गर्ने र स्थानिय घाँस सहितको दाना उद्योग संचालनकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिने छ ।

२८. गाँउपालिका स्तरीय सहकारी समन्वय समिति स्थापना गरि सोही मार्फत सहकारि संस्थाहरुलाइ अझ व्यवाहारिक सरलिकरण तथा प्रभावकारी बनाउदै संचालन गरिनेछ ।

२९. स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमीहरुको प्रवर्द्धन गर्न सीपमुलक तालिमको व्यवस्था गरि उत्पादित वस्तुहरुको बजारीकरणको सुनिश्चिता प्रदान गरिनेछ ।

३०. लोप हुन लागेका स्थानीय सीपहरुको खोजी गरि संरक्षण तथा प्रवर्द्धनको लागि सिप विकास तालिमहरु सञ्चालन गरिनेछ ।

३१. प्रत्येक वडामा एक वडा एक लघु उद्योग कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रमबाट तथा अन्य सीप विकास सम्वन्धि तालिम हासिल गरि उद्यमी बन्नुभएका उद्यमीहरुले वडाहरुमा ५ जनालाई रोजगारी प्रदान गर्न सक्ने गरि लघु उद्योग सञ्चालन गरेमा उद्योग संचालनको लागि आवश्यक पर्ने विद्युत महशुलमा अनुदानको व्यबस्था गरिने छ ।

**ख) सामाजिक विकास क्षेत्र**

**शिक्षा**

१. शिक्षा क्षेत्रको विकास मार्फत समृद्ध महाशिलाको आधार तय गर्न गुणस्तरीय शिक्षा महाशिला विकासको आधार प्रविधि मैत्री कक्षाकोठा तथा बालमैत्री पूर्वाधारको नितिलाइ अगाडि लैजान आवस्यक प्रवन्ध मिलाइने छ ।

२. गुणस्तरीय शिक्षाको लागि गाउ छाड्ने क्रमलाई रोक्न शिक्षालाइ पहूँचवाट गुणस्तर तर्फ केन्द्रीत गर्दै शैक्षिक गुणस्तर सुदृढीकरणका लागि नमूना आधारभूत कक्षा व्यवस्थापन तथा एक वडा एक आवसीय विद्यालयको अवधारणालाइ अगाडि बढाइने छ ।

३. शैक्षिक क्षेत्रको मेरुदण्डको रुपमा रहेका शैक्षिक जनशक्तिको क्षमता विकासका लागि शैक्षिक तालिम तथा कार्यशालाका लागि उचित व्यबस्था गरिने छ । शैक्षिक सामग्रि प्रयोग र निर्माणका लागि प्रोत्साहनको नीति आवलम्बन गरिने छ ।

४. शैक्षिक संस्थाहरुको शैक्षिक गुणस्तर मापनका लागि यथोचित व्यबस्थापन मिलाइ प्रोत्साहन र पृष्ठपोषणको नीति लिइने छ ।

५. विद्यालयको शैक्षिक स्तर वृद्धि तथा अभिभावकहरुको आकर्षणका लागि अंग्रेजी माध्यमका कक्षाहरुलाइ क्रमश व्यबस्थित गर्दै आधारभूत तह सम्म विस्तार गरिने छ ।

६. विद्यालय सुशासन प्रवद्धन गर्ने नीति अनुरुप विद्यालयमा ई-हाजिरी तथा बैज्ञानिक लेखा प्रणाली कडाई गरिनेछ ।

७. विद्यार्थी सिकाईलाई थप व्यवस्थित गराउन Home work Dairy को प्रयोग तथा अतिरिक्त कक्षाहरु संचालनको व्यवस्था मिलाइने छ ।

८.समाजिक परीक्षण, विद्यालय सुधार योजना र त्यसको कार्यान्वयन तथा विद्यालयको शैक्षिक वातवरणको आधारलाई प्र.अ. तथा शिक्षकको मूल्याङ्कनको आधार बनाई पुरस्कार र सचेतनाको नीति अवलम्वन गरिनेछ ।

९. सम्पूर्ण शैक्षिक क्षेत्रलाई प्लाष्टिक तथा जंक फुड निषेधित गरिने छ ।

१०. विद्यालयस्तरमा वालउद्यान निर्माणमा सहयोग गरिने छ ।

११.शैक्षिक क्षेत्रलाई व्यवसायिक र प्रविधि मैत्री बनाउन एक शिक्षक एक ल्यापटप र एक कक्षा एक प्रोजेक्टर कार्यक्रम अनिवार्य गरिने छ ।

१२. महाशिला गाउँपालिकाबाट प्राविधिक विषयमा स्नातक गर्ने विद्यार्थीहरु मध्ये गरिब तथा जेहेन्दार विद्यार्थीलाई यथोचित शैक्षिक प्रोत्सहान तथा सहायताको व्यवस्था मिलाइने छ ।

१३. अभिभावकको आर्थिक अवस्था तथा प्रतिकुल चिसो मौसमको प्रभावलाई मध्येनजर गर्दै महाशिला भित्र सञ्चालिन लघुउद्यमलाई समेत प्रोतसहान गर्ने हेतुले विद्यार्थीलाई न्यानो कपडा वितरणको लागि आवश्यक व्यवस्थ मिलाइने छ ।

१४. विद्यालयमा अतिरिक्त क्रियाकलाप संचालनलाई वढवा दिने र रेडक्रस सर्कल, स्काउट, वालक्लव गठन गर्ने तथा सामुहिक क्रियाकलापमा विद्यार्थीहरुलाई परिचालन गर्ने कार्यलाई अगाडी बढाउन आवश्यक व्यवस्था मिलाइनेछ । यस वर्ष सवै विद्यालयमा स्काउट गठन गरिनेछ ।

१५. विद्यालयमा शिक्षकहरुले कक्षा कोठामा पढाउने समय प्रत्येक पिरियर्डमा कम्तिमा ४५ मिनटको समय एकिनका लागि पाठयोजना क्रियाकलाप प्रअले अनुगमन गरी स्विकृत गर्ने र शिक्षा शाखाले सो को कार्यान्वयन संयन्त्र तयार गरी लागु गरिने छ ।

१६. स्वास्थ्य शाखाको समन्वयमा विद्यालय स्वास्थ्य कार्यक्रमलाई संचालन गरिने छ ।

१७. असाहय तथा अभिभावक विहिन वालवालिकाहरुलाई विद्यालय शिक्षाको सुनिश्चित गर्न ‘असाहय विद्यार्थी सँग अध्यक्ष’ कार्यक्रमको निरन्तरता दिईने छ ।

१८. विद्यालयमा सञ्चालन हुने वार्षिक परीक्षालाई थप व्यवस्थित गर्नका लागि पालिका स्वयंले दायित्व लिन परीक्षा सञ्चालन, व्यवस्थापन तथा निर्देशन समिति गठन गरि सम्पूर्ण परीक्षाहरुलाई व्यवस्थित गरिने छ ।

२९.पालिका स्तरमा विभिन्न शैक्षिक क्रियाकलाप तथा प्रतियोगितात्मक गतिविधिहरुलाई संचालन गरिनेछ ।

३०. विद्यालयमा कार्यरत बाल सहयोगी कार्यकर्ता तथा विद्यालय कर्मचारीहरुलाई नेपाल सरकारले दिने वाहेकको रकम थप गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

३१. आधारभूत तहमा स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गर्ने नीति लिइने छ ।

**महिला**

१. साझेदारी कार्यक्रम र सहकारी मार्फत महिलाको मागका आधारमा उद्यम तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरी आय आर्जनमा बृद्धिमा विशेष जोड दिईने छ ।

२.समाजमा रहेका लैंगिक हिंसा तथा विभेदको अन्त्य कम गर्न वडा स्तरमा मेलमिलाप सहजकर्ता र केन्द्रलाई परिचालन गरिने छ ।

३. सूरक्षित मातृ शिशु सेवा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरि आमा र शिसुको सुरक्षा गरिने छ ।

४. ७० वर्ष मुनिका अन्य र ६० वर्ष मुनिका दलित विपन्न एकल वा विदुर पुरुषलाई सामाजिक सुरक्षा भत्ता मासिक रु.१००० उपलव्ध गराईने छ ।

५. यस महाशिला गाउँपालिका क्षेत्रभित्र अवैधरुपमा सञ्चालित मदिरा व्यवसायिलाई करको दायरामा ल्याईने छ तथा सेवनका कारण महिला, बालबालिका तथा बृद्ध समुदायमा परेको असरका कारण यसको नियन्त्रणका लागि “जाँड रक्सी, जुवा तास, गर्छ यसले सर्वनाश” भन्ने नाराका साथ सबै लाई सचेत गर्दै यसको नियन्त्रणका लागि कार्यविधि टोल विकास समिति , महिला समुह, आमा समुह र बालक्लवमा विषेश कार्यक्रम संचालन गरिनेछ ।

६. सुत्केरी भेटघाट कार्यक्रमलाई प्रभावकारी वनाउन साविकको अध्यक्ष सुत्केरी भेटघाटलाइ उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रमको रुपमा नियमितता दिइने छ । साथै जनताको शोकमा अध्यक्ष कार्यक्रम लाइ अगाडि बढाउँदै कुना देखि कोरा सम्म कार्यक्रमलाइ कोख देखि शोक सम्म कार्यक्रमको रुपमा अगाडि ल्याइने छ ।

७. केन्द्र सरकारको सहयोगमा शिला क्षेत्रमा दिदी वहिनी भवन निर्माण गरी रेडियो संचालन, युटुव संचालन, सुचना, संचार र साथै अन्य तालिम क्षमता विकासका कार्यक्रम क्रमशः संचालन गरिनेछ ।

**बालबालिका**

१ विद्यालय स्तरमा वालक्लव र प्रत्येक वडामा बाल सञ्जाल पुर्नगठन गरी वालमैत्री वडा वनाउने काम गरिनेछ ।

२.बालविवाह, बालशोषण जस्ता गैरकानुनी कार्यको अन्त्य र सचेतनता कार्यक्रम विद्यालय स्तरमा संचालन गरिने छ ।

३. सवै तहका बालबालिकालाई शिक्षाको मुल धारमा ल्याउन जोड दिईनेछ ।

४. सवै वडाहरुमा घरमा सुत्केरी गराउने नभई स्वास्थ्य संस्थामा सुत्केरी गराउने व्यावस्था गर्ने तथा जन्म कार्डका आधार मानेर वार्ड कार्यालयले जन्म दर्ता र विद्यालय भर्ना गर्ने निति लागु गरिने छ ।

**जेष्ठ नागरिक तथा सामाजिक सुरक्षा**

१.सार्वजनिक स्थल तथा सवै भौतिक संरचनाहरु निर्माण गर्दा अनिवार्यरुपमा अपांग मैत्री बनाउनुपर्ने नीति लिइनेछ ।

२. अपाङ्गको वर्ग पहिचान गरि माग र क्षमता अनुसार व्यावसायिक सहयोग गरिनेछ ।

३. अपाङ्गहरुको सहज आवातजावत गर्नको लागि सहायक सामाग्री दिईने छ ।

४.सामाजिक सुरक्षा भत्ता नपाउने ग र घ वर्गका अपाङ्गता भएका व्याक्तिहरुको आयआर्जन को लागि वार्षिक क्रमश रु.६००० र रु.३६०० का दरले अनुदान दिईने छ ।

५. जेष्ठ नागरिक, एकल महिला परिचय पत्र र नविकरण वार्ड तथा उपयुक्त स्थानहरुमा शिविर संचालन गरी दिईने छ ।

६. सवै वार्डका स्वास्थ्य संस्थाहरुको समन्वयमा मासिक रुपमा जेष्ठ नागरिक, दिर्घ रोगी तथा अपाङ्ग हरुको घरमै निशुल्क स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरिने छ ।

७. जेष्ठ नागरिकहरुको दिवा स्याहार केन्द्र स्थापनामा पहल गरिने छ ।

८. ६० वर्ष माथिका जेष्ठ नागरिकको उपचार विमा साथै उपचारकालागि एम्वुलेन्स प्रयोगमा २५ प्रतिशत छुट दिईने छ ।

**स्वास्थ्य सेवा**

१. सवै वार्डहरुमा वर्थिङ्ग सेन्टर भई सकेकोले घरमा सुत्केरी वनाउने कामलाई शुन्य पारिने छ ।
२. वार्ड नं. ४ को पाखापानीको वाईकाठ, होश्राङ्गदी, दुक्तानमा र हिरुखर्क तथा धुवाकोटमा संचालन भएका सामुदायिक स्वास्थ्य इकाइलाई निरन्तरता दिइने छ ।
३. विभिन्न विद्यालयहरुमा स्वास्थ्य, शिक्षा, सुरक्षित मातृत्व, पोषण र खोप जस्ता विषयहरुमा विद्यालय र समुदायहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम स्वास्थ्य कर्मी परिचालन गरी संचालन गरिने छ ।
४. सवै स्वास्थ्य संस्थाहरुमा निशुल्क औषधीको आपूर्तिलाई प्राथमिक स्वास्थ्य केन्द्र मार्फत नियमित गरिने छ ।
५. गाउँपालिकाका स्वास्थ्य कर्मी तथा आवस्यकता अनुसार विशेषज्ञ डाक्टरहरु परिचालन गरी स्वास्थ्य शिविर संचालन गरिने छ ।
६. गाउँपालिकाको लुंखु देउरालीमा १५ सैयाको अस्पताल निर्माणको टेण्डर भई सकेकोले करिव २२ करोड लागतमा भवन निर्माण गरिने छ । यसै गरी ३ वटा स्वास्थ्यचौकी पाखापानी, वालाकोट र भोगसिगको निर्माण चरणमा रहेको यसै वर्ष सम्पन्न हुने र सघं सरकारको सहयोगमा फलामखानी स्वास्थ्य चौकी आगामी आर्थिक वर्षमा भवन सम्पन्न हुनेछ ।
७. यस गाउँपालिका भित्र कडा रोग लागेका जस्तै : क्यान्सर, हेपटाइटिस बी, मृगौला पिडित, मुटुरोग तथा अन्य जटिल रोगका बिरामीहरुलाई र विपन्नहरुलाई स्वास्थ्य उपचारमा अवस्था हेरी बढीमा रु ५०००० सम्म आर्थिक सहयोगको निरन्तरता दिईनेछ ।
८. सवै व्यक्तिहरुको स्वास्थ्य विमाका लागि आवस्यक पहल गरिने छ ।
९. आयुर्वेदिक केन्द्र आरोग्य संस्थाको सेवालाइ थप व्यवस्थित गर्न सहयोग गरिनेछ ।
१०. जेष्ठ नागरिक, अपाङ्ग तथा दिर्घ रोगिहरुको स्वास्थ्य परिक्षणलाइ मासिक रुपमा नियमित गरि घरघरमा स्वास्थ्य परिक्षण सेवा प्रवाहको उचित प्रवन्ध गरिने छ ।

**खानेपानी**

१. एक घर एक धाराको नीति अवलम्बन गरिने छ जसको लागि केन्द्र र प्रदेश सरकार र अन्य निकायहरु संग समेत सहलगानी गरि सवै घरधुरीमा १ घर १ घारा कार्यक्रम २ वर्ष भित्र पुरा गरि १घर १धारा सहितको गाउँपालिका घोषण गरिने छ ।
२. यस गाउँपालिकाका सवै घरधुरीलाइ ५ वर्ष भित्र पूर्ण सरसफाई युक्त घर वनाईने छ ।
३. पुराना मुल साथै कुवा र धाराहरु संरक्षण गरिने छ ।
४. खानेपानीका लागि सवै घरलाई मर्मत र पाईप व्यवस्थापनको उचित प्रवन्ध गरिने छ ।

**खेलकुद तथा मनोरञ्जन**

१. खेलको माध्यमबाट युवाहरुलाई विकास गर्न गाउँपालिका स्तरीय कृष्णगोपाल स्मृति खेलमैदानको व्यवस्थापनमा सहयोग गरिने छ साथै आवश्यकता अनुसार सवै वडाहरुमा खेलमैदान वनाउन सहयोग गरिनेछ ।
२. सवै मावि तथा आधारभूत तहका विद्यालयहरु विचमा प्रतिस्पर्धा गरि राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रम संचालन गरिने छ ।
३. पालिकास्तरमा खेलकुद विकास समिति र वडा स्तरमा समेत गठन गरी विभिन्न विधाका खेलकुदहरु संचालन गरिने छ ।
४. पालिका स्तरमा अध्यक्ष कप संचालन नियमित रुपमा गरिने छ । गाउँपालिकामा दर्ना भएका विभिन्न क्लव तथा समुहका कार्यक्रमलाई सहयोग गरिने छ ।
५. सवै वडामा मनोरञ्जन पार्क साथै मेला सञ्चालनका लागि सहयोग गरिने छ ।

**संस्कृति प्रवर्द्धन**

१. विभिन्न समुदायहरुको संस्कृति प्रवर्द्धन गुरुङ्ग, मगर, नेवार, ठकुरी, दलित, वाहुनका साथै अन्य समुदायहरुको संस्कृति प्रवर्द्धनका लागि वडा स्तरमा कार्यक्रम गरिने छ ।
२. धार्मिक पर्यटन विकासका लागि लगानी प्रवर्द्धन गरिने छ, साथै धुवाँकोट, गोर्ल्याङ्ग र गढि क्षेत्रको डिपीआर गरिनेछ । पैयुँकोट र शिलाक्षेत्रको संरक्षण, सम्वर्द्धनको लागि एक एक जना स्वयं सैवको

व्यवस्था गरिने छ ।

४. समुदाय विशेषका पुराना लोपहुन लागेका सामग्री, सीप, पेशा, वाद्यवादन सामाग्री, गित, नाच र संस्कार संस्कृतिको संरक्षणमा प्रवर्द्धन गरिने छ ।

**ग) पूर्वधार विकास क्षेत्र**

१. **समृद्धिको आधार, हरियाली (ग्रिन) सडक हाम्रो पूर्वाधार** भन्ने नारा सहित यस महशिला गाउँपालिका अन्तर्गत (क) वर्गमा रहेका ग्रामिण सडकहरु र महाशिला चक्रपथ सात मिटर चौडा गरि वाह्रै महिना सवारी साधन चल्ने गरि क्रमश विस्तार गरिने छ । सडक गुरुयोजना तयार भएका र "क" वर्गका सडकहरु स्तर उन्नती ग्राभेल र पिच गर्ने नीति अवलम्वन गरिनेछ । सवै टोल सम्म वाह्रै महिना चल्ने सडक वनाउन विस्तार तथा स्तर उन्नतीको नीति लिइनेछ । लुंखु देउराली देखी गानावाङ्ग सम्म ५ किमी सडक को सडक यसै वर्ष कालोपत्रे सम्पन्न गरिने छ । सडक मापदण्ड विपरितका भौतिक संरचनाहरुलाइ विस्थापित गरिने छ ।

२. महाशिला गा.पा. भित्र निर्माण हुने सवै भवन र घरहरु नक्सा पास गरि मापदण्ड बमोजिम भू-कम्प प्रतिरोधात्मक बनाउने नीति लिइने छ ।

३. जग्गाको स्थानीय स्तरमा लगत तयार गरि स्थानीय भू-उपयोग नीति तय गरि सो वमोजिम काम गर्दै जाने प्रवन्ध गरिने छ ।

४. 'हामी सवैको भावना, उज्यालो गाउँ बनाउने' हाम्रो चाहना भन्ने नारालाई सार्थक बनाउन सवै सार्वजनिक स्थल, वजार चोकहरुमा सौर्य वत्ति लगायत वैकल्पीक श्रोतवाट उज्यालो महाशिला कार्यक्रम लाई निरन्तरता दिइने छ ।

५. यस गाउँपालिकाबाट सडक ट्याक खोल्ने र विस्तारमा १० % साथै सडकको स्टक्चर निर्माण र भवन जस्ता भौतिक निर्माणका कार्यगर्दा ५% जनश्रमदान अनिवार्य जुटाउने तथा सडक सुधार विस्तारमा सामुदायीक निर्माण योजनामा स्यंसेवक तथा अन्य वेरोजगार युवा परिचालन गरिने छ ।

६. सवै सम्पूर्ण सरकारी तथा महत्वपूर्ण बजार तथा वस्ती क्षेत्रमा इन्टरनेटको पहुँच पुऱ्याइनेछ । सूचना तथा सञ्चार क्षेत्रलाई आम जनताको पहुँचमा पुऱ्याउने नीति अवलम्वन गरिनेछ ।

७. यस महाशिला गाउँपालिकाका निर्माण विकास स्वयंसेवक र प्रधानमन्त्री रोजगार कार्यक्रममा काम गर्ने व्यक्तिहरुलाई ऐन र कार्यविधि वमोजिम वार्डगत निर्माणको काममा क्षमता विकास गरी योजना तोकेर दैनिक हाँजिराको अन्त्य गरि वार्षिक न्युनतम रु ७०००० प्रति व्याक्ति प्राप्त गर्ने गरि काम अनुसारको दाम कार्यक्रमको शुरुवात गरिने छ ।

८. कुनै पनि सडक तथा भौतिक पूर्वाधार निर्माण गर्दा भई रहेको पूर्वाधार नोक्सान नहुने गरी गर्नुपर्ने र यदी नोक्सान हुने भए सोही योजनावाट मर्मत सम्भार गर्नु पर्ने नीति लिइने छ । गाउँपालिकाको योजना र स्वीकृति विना कुनै पनि नयाँ मोटरवाटोको ट्याक खोल्न पाईने छैन ।

९. सार्वजनिक निर्माणको क्षेत्रहरुलाई पूर्ण रुपमा वालमैत्री तथा अपांगमैत्री पूर्वाधार विकासमा ध्यान पुऱ्याइने छ ।

१०. यस गा.पा. भित्रका खेतीयोग्य जमिनबाट वढी उत्पादन लिन सिँचाई सुविधा व्यवस्थित गर्ने नीति लिइनेछ । जसकालागि केन्द्र र प्रदेश सरकारसंग सहकार्य गरिने छ । सिँचाई सुविधाबाट वञ्चित खेती योग्य जमिनमा आवश्यक सिँचाई गर्न लिफ्ट तथा बोरिङ्ग सिँचाई लगाएत बैकल्पिक सिँचाई प्रणालीका सवै सुविधाहरु विस्तार गर्ने नीति लिइने छ ।

११. घर नभएका विपन्न परिवारलाई कार्यविधी वनाई उचित वास व्यावस्थापनका लागि रु.१ लाख सम्म अनुदान दिईनेछ ।

१२. पुर्वाधार निर्माणमा वातवरणीय प्रभाव मूल्याङ्कन तथा डिपिआर तयारका लागि आवस्यक व्यबस्था मिलाइने छ ।

**घ) वन वातावरण विपत व्यावस्थापन क्षेत्र**

१. खाली रहेको जमीनमा वृक्षरोपण गरि सरकारी तथा सामुदायिक वनमा रहेका जडीबुटीको पहिचान, उत्पादन र वितरण तथा गैरकास्ठ पैदावरमा आधारित उद्यम संचालन गर्ने नीति अवलम्वन गरिनेछ । जडिवुटी खेतीका लागि सामुदायिक वन र निजि क्षेत्रको पनि संलग्नतामा सहकारी र निजि फर्मलाई समेत लिजमा दिने निति अख्तियारी गरि जनका लागि वन कार्यक्रमको शुरुवात गरिने छ ।

२. मुख्य सडक र शाखा सडकहरुको छेउछाउमा वृक्षरोपण गरि हरीयाली सडक बनाउने नीति अवलम्वन गरिनेछ ।
३. आवधिक जलवायु अनुकुलन योजना तयार गरि सोही अनुसार कार्यक्रम लागु गर्ने नीति लिइनेछ ।
४.आपतकालीन बाढी पहिरोबाट जोखिममा रहेको बस्तीहरु स्थानान्तरण सहयोग गरिने छ ।
५. विपद व्यवस्थापन र विश्व महामारीको रुपमा रहेको कोराना भाईरस विरुद्ध लड्नकालागि सवै स्वदेश विदेशवाट आउनु हुने महाशिलावासीको उद्धार,स्वास्थ्य जाँच, आईसोलेसन निर्माण, प्रेषण, राहत र होम क्वारेण्टाईन र आईसोलेसनमा वस्नका लागि साथै सवै स्वास्थ्य संस्थाहरुमा आवश्यक उपकरण, सामाग्रीहरुको व्यावस्थापनकलागि पालिकाले सवै निकाय, व्याक्ति तथा संस्थाहरु र सरकारहरुको पहलमा यो महामारीलाई पराजित गर्न आवश्यक पहललाई निरन्तर रुपमा काम गरिने छ। मानव जीवन वचाउन कुनै कसर वाँकी राखिने छैन ।
५. पूर्ण सरसफाई युक्त महाशिला गाउँपालिका बनाउन समुदाय साझेदारीमा सरसफाईमा समुदाय कार्यक्रम अगाडी बढाइने छ ।
६. फोहरको व्यवस्थापनकालागि टोल विकास, आमा समुह, स्थानिय कल्व र अन्य समुहहरुलाई परिचालन गरिने छ ।
७. प्लाष्टिक झोलाको प्रयोगमा नियन्त्रण र सो को वैकल्पिक व्यावस्था गर्न स्थानिय व्यवसायीहरु संग सहकार्य गरी सफा झोला कार्यक्रम संचालन गरी वातावरण संरक्षण गर्ने नीति लिइनेछ ।
८. वन सव डिभिजनसंग सहकार्यमा सामुदायिक वन क्षेत्रमा र अन्य क्षेत्रमा दिगो वन व्याववस्थापन कार्यक्रम संचालन गरिने छ ।
९. जलवायु परिवर्तनकलागि पालिकास्तर र वन समुहमा भएको समुदाय अनुकुलन योजना कार्यन्वयनमा प्राथमिकता दिने र जिविकोपार्जनका लागि अन्य सहयोगी संस्था, गैसस र प्रदेश एवं केन्द्र सरकारसंग कार्यक्रमका लागि सहकार्य गरीने छ ।
१०. विपत व्यवस्थापन पूर्व तयारीका लागि विपत व्यावस्थापन कोष परिचालन महाशिला विकास स्वयंसेवक, नेपाल प्रहरी र रेडक्रस र आवश्यक औजार सहित वार्ड वार्डमा आवश्यक राहत सामाग्री र अन्य व्यावस्थापनकालागि कोष नियमित परिचालन गरिने छ ।
११. पहिरो, स-साना गल्छी तथा खोलाहरुको भूक्षय रोक्न संरक्षणका कार्यक्रमहरुमा घाँस तथा विरुवा र तारजाली व्यवस्थापनमा लगानी गरीने छ ।
१२. मानव तथा वन्यजन्तु विचको द्धन्द व्यावस्थापन र खाद्य सुरक्षा कार्यक्रमलाई विज्ञहरुको सुझावको आधारमा अगाडी वढाइने छ ।
१३. लुंखु प्राथमिक स्वास्थ्य केन्द्र र वालाकोटमा रहेको एम्वुलेन्सवाट पालिका भर नै सेवा दिईने छ ।
१४.विद्युत सेवालाई निरन्तरता दिनकालागि विद्युत मेन लाईन र शाखा लाईनका वरपरीका रुखहरु १० मिटरको दुरीका सवै रुखहरु कटान गरी विद्युत सेवालाई सुचारु गर्ने र सवै जग्गाधनिहरुलाई सो जानकारी वडा कार्यालय मार्फत गराउने साथै यदी रुख काट्न अटेरी गरेमा रुख काट्ने काम सामुदायिक विद्युत समिति र विद्युत प्राधिकरण गर्न लगाउने सो रुख काट्ने खर्च संवन्धित व्याक्तिवाट गराईने छ ।
१५. सवै टोल विकास संस्थाहरुलाई वार्षिक रु २००० मसलन्द खर्च उपलव्ध गराईने छ ।
१७. सिमसार संरक्षणका लागि यस महाशिला गाउँपालिकाका वाह्रै महिना पानी रहने पोखरी संरक्षणका लागि प्रदेश सरकारसंग सहलगानीमा कार्यक्रम गरिने छ ।
१८. पैरो जोखिममा रहेको वस्ति पहिरो नियन्त्रणका लागि आवश्यक पहल गरिने छ ।
१९. सामुदायिक बनलाई थप व्यवस्थित बनाउन पालिकास्तरको वन ऐन अनुसार दर्ता र व्यावस्थापन साथै नियमनलाई अनिवार्य गरिनेछ ।
२०. विद्यमान् स्थानीय वन ऐन संशोधन गरिनेछ । स्थानीय सरकारले दर्ता गरि लगत व्यवस्थापन गरि निजी वन तथा पारिवारिक वन कार्यक्रममा साझेदारी कार्यक्रम लागु गरिने छ ।

**ङ) वित्तिय श्रोत व्यवस्थापन तथा संस्थागत सेवा प्रवाह तथा शुसासन क्षेत्र**

१. आवधिक योजना निर्माण भएकोले सोहि अनुसारका प्राथमिकताका आधारमा वार्षिक योजना वनाईने छ ।
२. यस महाशिला गाउँपालिकाको वेरोगारहरुलाई रोजगारी तथा स्वरोजगारी सृजनाका लागिस्थानिय

समुदायको ५०% घरधुरीलाई व्यावसाय उन्मूख वनाईने छ ।

३. आन्तरीक आयलाई वृद्धिका लागि वडास्तरमा कार्यक्रम संचालन गरिने छ ।

४. जग्गाको किसिम, प्रकृति र भौगोलिक क्षेत्र अनुसार करको दायरा आवश्यकता अनुसार परिमार्जन गरिनेछ ।

५. यस गाउँपालिका भित्र रहेका खानीजन्य उद्योगको सम्भाव्यता अध्ययन, उत्पादन र विक्रि वितरणमा आवश्यक सहयोग गरी आम्दानी बढाउने नीति लिइने छ ।

६. विगत देखीका काममा तोकिएको समयमा योजना सम्पन्न गरि गुणस्तरीय कार्य गर्ने उपभोक्ता समितिलाई सम्मान गरिने छ ।

७. योजनाको पेश्की र वेरुजु निरन्तर कम गर्दै जाने नीति लिइने छ ।

८. लेखापरीक्षण कार्यलाई व्यवस्थित गर्न आलेप शाखा मार्फत नियमित लेखापरिक्षण गरी वित्तीय शुसासन कायम गरिनेछ ।

९. जन सहभागिता मूलक ढंगबाट योजना तर्जुमा र कार्यान्वयन अझै प्रभावकारी वनाउन जोड दिईने छ ।

१०. राजश्व वृद्धिका लागि धार्मिक, पुरातात्वीक, साँस्कृतिक र पर्यटकीय स्थलहरुको पहिचान, प्रवर्द्धन र विकास गरि आन्तरीक वाह्य पर्यटकलाई आकर्षण गरि आय वृद्धिमा जोड दिईनेछ ।

११ राजस्वका दरहरुलाई समयानुकुल परिवर्तन गर्ने र  जनताहरुलाई राजश्व तिर्न उत्प्रेरित गरिनेछ । साथै वडा स्तरमा वढी राजस्व संकलनमा अपेक्षित लक्ष्य पुरा गर्ने कर्मचारीलाई प्रोत्सहान स्वरुप सम्मान गरिने छ ।

१२. सेवा तथा विकासका कार्यक्रमहरु सरकारी निकाय, गैर सरकारी निकाय र वित्तीय संस्थाले वार्षिक रुपमा कार्यक्रम पेश गर्न अनिवार्य गरिने छ र पारदर्शीताको लागि गाउँपालिकाद्वारा एकद्वार नीति अवलम्वन गरिनेछ ।

१३. सवै वडामा नागारिक वडापत्र र निर्माणाधिन योजना स्थलमा होडिङ्गवोर्डको स्थापनालाई अनिवार्य गरिने छ ।

१४. सवै विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्थाहरुको अनिवार्य सार्वजनिक परिक्षण र नियमित लेखापरिक्षण गरी लेखा प्रतिवेदन प्रथम चौमासिक भित्र गाउँपालिकामा अनिवार्य पेश गर्नु पर्ने नीति लिइनेछ ।

१५. यस वर्ष स्थानिय सेवा ऐन जारि गर्ने तथा राष्ट्रसेवक कर्मचारिहरुको क्षमता विकासका लागि आवस्यक व्यबस्था मिलाइने छ । गाउँपालिका तथा वडा कार्यालयका अस्थायी तथा करारका कर्मचारीहरुलाइ आवस्यक कानुनि व्यबस्था मिलाइ सामाजिक सुरक्षाँ कोषमा आवद्ध  गरिने छ ।

१६.. सूचना प्रविधिलाई व्यवस्थित गरि वडा र समुदायतहमा विद्युतिय सूचना प्रविधी(भ्क्त) को प्रयोग विस्तार गरिनेछ ।

१७.. सवै विद्यालय र कार्यालयमा विद्युतिय हाजिरीलाइ क्रमशः नियमित गर्दै लगिने छ ।

१८.. गाउँपालिका तहमा आवश्यक ऐन, कानुन र नीति कार्यक्रम निर्माण परिमार्जनसमय अनुकुल गरिनेछ ।

१९. स्थानीय तहको गैसस, टोल विकास संस्था, सहकारी, क्लब, आमा समुहहरुको विवरण गाउँपालिका र सम्पुर्ण घर पविारको विवरण सहितको फाईल स्थापन वडातहमा संकलन र अद्यावधी गरिनेछ ।

२०. स्थानीय तहको सवै खाले कार्य सम्पादन गर्न आवश्यकता अनुरुप समिति उपसमिति वनाई काम गरिनेछ ।

२१. गाउँ सभा, कार्यपालिका र वडा तहको निर्णयहरुलाई विभिन्न संचारका माध्यमवाट सार्वजनिक गर्ने कामलाई निरन्तरता दिईने छ ।

२२.घटना दर्ता र सामाजिक सुरक्षा सम्वन्धि कामलाई पालिका र वडामा अनलाईन सेवालाई स्तरोन्नती गरि निरन्तरता दिईने छ ।  साथै सूचना प्रविधिको प्रयोग गरी सवै खाले तथ्याङ्क तथा अभिलेखहरु अध्यावधिक तथा संरक्षण गरिनेछ ।

२३. स्थानीय तहको क्षेत्र भित्रका सम्पुर्ण संघ संस्था, व्यवसायहरुको दर्ता तथा नविकरण सम्वन्धमा

नियमनको प्रवन्ध मिलाइने छ । साथै पालिकाबाट अनुदान सहायता उपलब्ध गराउँदा दर्ता वा नविकरण भएका संघ संस्थालाई मात्र ग्राहयता दिने नीति लिइनेछ ।

२४.. गाउपालिकाका सवै खरिद प्रक्रिया ईटेण्डर मार्फत व्यबस्थित गर्दै सवै सेवा प्रवाहलाइ विद्युतिय सरकारको अवधारणा अनुरुप अगाडि लैजाने नीति लिइने छ ।

२५. गाउँपालिकामा स्थापित प्रदेश तथा संघका विभिन्न सरकारी कार्यालय र सुरक्षा निकाय विच समन्वय सहकार्यमा गरिनेछ ।

२६. गाउँपालिका र वडाहरुको मासिक प्रगति विवरण नियमित सार्वजनिक गर्ने व्यबस्था मिलाइने छ ।

**आदरणीय उपस्थित सभा सदस्य ज्यूहरु,**

अव म आगामी आर्थिक वर्ष ०७९/८० सार्वजनिक आय र खर्च व्यवस्थापनलाई पारदर्शी, जवाफदेही र परिणामुखी बनाईने छ ।

आधुनिक लेखा प्रणाली सुत्र विधिका आधारमा प्रतिवेदन र लेखा परीक्षण पद्धति अवलम्बन गर्दै वित्तीय कारोवारको स्वच्छता र स्तरीयता वृद्धि गरिने छ ।

जसमा माथि उल्लेखित नीति तथा कार्यक्रमका आधारमा वजेट विनियोजन गरिनेछ ।

**सघं तथा प्रदेश सरकारसंगको सहयोग र साझेदारीमा कार्याव्यनमा ल्याइने लक्षित योजना तथा कार्यक्रमहरु :**

१. सवैको चासो रहेको महाशिला गाउँपालिका वार्डनं.४, ५, ६ स्थित रहेको फलामखानी संचालनका लागि संभाव्यता अध्ययन विगत वर्ष देखी शुरुवात भएकोमा परिक्षण र डिपिआर वनाई खानी उत्खननका लागि आवस्यक गर्दै कामको थालनी र वजेट व्यवस्थापनका लागि माग गरिन्छ ।

२. महाशिलाको शिला क्षेत्रको विकास, पैयूकोट क्षेत्र संरक्षण र चिसापानीको डिपिआर वमोजिमको पर्यटन विकासका लागि पूर्वाधार विकासमा संस्कृति तथा पर्यटन विकास मन्त्रालयमा वजेट विनियोजन गर्न माग गरिन्छ ।

३. गाउँपालिका भवन ठूला स्वाँराका लागि नियमित वजेट विनियोजन र वार्ड नं. ४ को कार्यालयका भवन निर्माणमा लागत ईष्टमेटका अनुसार वजेट विनियोजनका लागि संघिय मामिला मन्त्रालयमा माग गरिन्छ ।

४. दृश्यावलोकन, पिकनिक स्थल, उद्यान तथा धौलागिरी माछापुच्छे भ्यूप्वाईन्ट, मनोरञ्जनपार्क निर्माण फलामखानीमा निर्माणकालागि संस्कृति तथा पर्यटन विकास मन्त्रालयमा पहल गरिने छ ।

५. अगाहाखोला, अधेरीखोला, फेदीखोला, झरुवाखोलामा मझौला सिंचाई आयोजना संचालनमा सिंचाई मन्त्रालयमा वजेटकालागि माग गरि पठाउने काम गरिने छ ।

६. महाशिला वडा नं. ५ लुंखुमा वतासेडाँडा भोर्ले डाँडा आकासे पुल करिव ३५० मिटर हस्पिटल जानकालागि एवं सेल्फीपुलकालागि धौलागिरी माछापुच्छे भ्यूप्वाईन्ट, महाशिला वडा नं ४ को ठूलाडाँडा दमसिङ्ग सम्म अग्लो आकासे पुल करिव ३५० मिटरको आवागमन र वनपैदावारको उपयोगकालागि र महाशिला ५ चनौटे देखी महाशिला ३ दियालीडाँडा जोड्ने पुल, पचभैया झोलुङ्गे पुल निर्माणका लागि टिविएसएसपीमा सभाव्यता अध्ययनका लागि माग गरिनेछ ।

८. गुरुङ्गहरुको संस्कृति संरक्षण संग्रहालय निर्माण भोगसिङ्गको धनसिंग दरवार पुरातत्व विभागमा, पाखापानीमा प्योधिं निर्माण र लामेको वौद्ध गुम्वाका लागि पर्यटन तथा संस्कृती मन्त्रालयमा वजेट विनियोजनका लागि योजना माग गरिनेछ ।

९. लघुउद्यम कार्यक्रम संचालनका लागि वजेट वृद्धि गरी पठाउनका लागि केन्द्र सरकारसंग माग गरि पठाईनेछ ।

१०. व्यवसायिक मौरी पालन, बाख्रा पालन, कागती, सुन्तला, कफि, चिया, अलैची र तरकारी खेती व्लक संचालन कार्यक्रममा विशेष अनुदानका लागि कृषि तथा सहकारी मंत्रालयमा माग गरि पठाईने छ ।

११. खाद्य वैक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदान कृषि तथा सहकारी मंत्रालयमा माग गरि पठाईने छ ।

१२. भूमी वैक संचालनमा सहयोग कार्यक्रममा विशेष अनुदानका लागि भूमि व्यवस्था मन्त्रालयमा माग गरि पठाईने छ ।

१३. पालिकास्तरमा एक व्यवस्थित खेल मैदानका कृष्ण गोपाल स्मृति खेल मैदानको सहयोगका लागि युवा तथा खेलकुद मन्त्रालयमा माग गरि पठाईने छ ।

१४. गाउँपालिकाले डिपिआर तयार गरेका सडकको कालोपत्रेका लागि विशेष र समपुरक अनुदान तथा निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा तपशिलका सडकहरुलाई वजेटको माग गरिनेछ ।

- घण्टे-फलामखानी- लुंखु सडक स्तर उन्नती
- भोगसिंग सर्वुडाँडा सालडाँडा सडक स्तर उन्नती
- दमैडाँडा लाम्तुन सडक स्तर उन्नती
- दह दियालीडाँडा हिरुखर्क सडक
- पैयुभञ्ज्याङ्ग-होश्राङ्गदी-अगाह सडक
- लुंखु वान्द्रे सेरा सडक
- सुभर्दीखर्क-जैखेत सडक
- अगाहा अर्गाउदी अर्खभञ्ज्याङ्ग सडक
- भुजुङ्गे-सार्थन-आङ्गमाङ्ग-बसेनी-राताढुंगा सडक
- लामास्वारा भगेरे दुक्तान ढाडखर्क थुम सडक

१५. विद्यालय पूर्वाधार भवन निर्माणमा चन्द्रनगर प्रा.वि., चन्द्रोदय प्रावि, जनविकास मा.वि. लगायतका विद्यालयहरुका लागि शिक्षा मन्त्रालयमा विषेश माग तथा पहल गरिनेछ ।

प्रदेश सरकारसंगको सहयोग सहकार्य :

१. कृषि, भेटेनरी र वनसंग सम्वन्धित प्राविधिक शिक्षाका लागि आवश्यक सहयोगका लागि प्रदेश सरकारसंग माग गरिनेछ ।

२. वडा नं. १ होश्राङ्गदीमा ढुँगा गिट्टी क्रसर उद्योग संचालनमा सहयोग गर्न प्रदेश सरकार उद्योग, पर्यटन तथा वन मन्त्रालयमा माग गरिनेछ ।

३. इन्भेसीगेसन डिप ट्यूवेल सिंचाई प्रणालीमा महाशिला वडा नं. ५ काउरावोट सिंचाईको शुरुवात, अन्य स्थानको संभाव्यता अध्ययन परिक्षणका लागि पोखराखेत, लामे, वडा नं ४ पूर्णागाउँ, घारलुङ्ग सेरा, अर्तमास, वडा नं ३ को न्याली, हिरुखर्क, वडा नं. १ अगाहा र जमपुरमा प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा माग गरिनेछ ।

४. उद्योगग्राम स्थापनाको आवस्यक सहयोगका लागि प्रदेश सरकार उद्योग, पर्यटन तथा वन मन्त्रालयमा माग गरिनेछ ।

५. विद्यालय घेरावारका लागि फलामखानी आधारभूत विद्यालय, महेन्द्र ज्योती मा.वि, विश्वज्योति मा वि, महेन्द्रोदय मा.वि., सूर्य मा.वि. र वालारानी माविका लागि सम्वन्धित निकायहरुमा माग गरिनेछ ।

६. स्थानीय तहको खेल मैदानको आवस्यक पूर्वाधार निर्माणका लागि प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा माग गरिनेछ ।

७. १ घर १ धारा महाशिला गाँउपालिका भरी यस वर्ष भित्रमा सम्पन्न गर्न प्रदेश सरकार भौतिक पूर्वाधार मन्त्रालयमा थप माग गरिनेछ ।

११. महाशिला, पैयूकोट र चिसापानीमा पर्यटन पूर्वाधारमा सहयोग डिपिआर अनुसार र गंगाधार गुफा, गोरल्याङ्ग क्षेत्र, धुँवाकोट फलामखानी, वालारानी क्षेत्र, छहराखोला क्यानोनिङ्ग, गोरल्याङ्ग र धुँवाकोटमा प्यारागलाईडिङ्ग, वोक्सी पहरामा रकक्लाईमिङ्गका लागि आवश्यक सहयोगका लागि माग गरिनेछ ।

१३. कृषि तथा पशुपालन फर्म संचालनमा सहयोग प्रदेश सरकारसंग होश्राङ्गदी,लुंखु फलामखानी पाडापाडी पालन फर्म, होश्राङ्गदी र वालाकोटमा कफी खेती, भोगसिङ्गमा आलु, अलैची, फलामखानी र लुंखुमा चिया खेतीको फर्म, पाखापानी, लुंखु, वालाकोट, होश्राङ्गदी, भोगसिंगमा सुन्तला तथा फलमाखाी सहित तरकारी व्लक, होश्राङ्गदी, पाखापानी, वालाकोट, भोगसिंग, होश्राङ्गदी, लुंखुमा वाखापालन फर्म, फलामखानीमा भेडापालन फर्म, गाईपालन फर्म दुधकालागि होश्राङ्गदी, लुंखु र पाखापानी, वंगुरपालन फर्म पाखापानी र लुंखु, लोकल कुखुरापालन फर्म सवै वार्ड, मौरीपालन फर्म लुंखु, पाखापानी, वालाकोट होश्राङ्गदी गर्ने गरी प्राथमिकता तय गरी प्रदेश सरकारको संवन्धित मंत्रालयमा माग गरि पठाईने छ ।

१४. स्थानीय जातको विउ विजनको संरक्षणमा विउ वैक र स्थानिय जातको पशुको संरक्षणका लागि श्रोत केन्द्र विकासका लागि प्रदेश सरकारसंग माग गरिनेछ । सवै वार्डमा कार्यक्रम संचालन गर्ने गरी माग गरिनेछ ।

अन्तमा, सम्पूर्ण सभा सदस्य ज्युहरु,

प्रस्तुत निति तथा कार्यक्रम माथि यहाँहरुको अमुल्य सुझाव तथा टिप्पणी रहने नै छ । विषयगत तथा दफावार छलफलमा रचनात्मक सुझावहरुको अपेक्षा सहित मेरो मन्तव्य यही अन्त्य गर्दछु ।

हार्दिक अभिभादन सहित

धन्यवाद ॥

इश्वरी प्रसाद भुसाल

अध्यक्ष

**महाशिला गाँउपालिका**